# आर्थिक बर्ष २०७५/७६ को बार्षिक नीति तथा कार्यक्रम

**अजिरकोट गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**गोरखा**

**२०७५**

# आ.व. २०७५।७६ का लागि गाउँ सभामा प्रस्तुत

# बार्षिक नीति तथा कार्यक्रम

श्री गाउँपालिकाका उपाध्यक्षज्यू,

गाउँसभाका सदस्यज्यूहरु

नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी नेपालको संविधानले नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रुपमा पुनःसंरचना गर्ने सिलसिलामा सम्वत् २०७३ साल फागुन २७ गते स्थानीय तहहरुको स्थापना भएको थियो । अजिरकोटबासी जनताको चाहना र प्रयासबाट एक स्थानीय तहको रुपमा अजिरकोट गाउँपालिकाको स्थापना भएको हो । अजिरकोट गाउँपालिकाबासी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् गर्दै, गाउँपालिकाको अस्तित्व र समग्र हीतका लागि अजिरकोट बासी जनताको चाहनालाई हृदयंगम गर्दै, सार्वभौम सत्ता सम्पन्न नागरिकहरुको हक अधिकारको सम्मान गर्दै, समाजमा रहेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य एवं बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त अजिरकोट गाउँपालिकाको विशेषतालाई आत्मसात् गरी विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन , आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समतामूलक समाजको निर्माण गर्ने संकल्पका साथ जनमुखी, पारदर्शी, स्वच्छ र उत्तरदायी प्रशासनको सुनिश्चितता गर्दै अजिरकोट गाउँपालिकालाई समृद्ध, वैभवशाली, आकर्षक पर्यटकीय गन्तव्य र अनुकरणीय नमुना स्थानीय तहको रुपमा स्थापित गर्ने दिशामा गाउँ कार्यपालिका अगाडि बढिरहेको छ ।

आज सम्वत २०७५ साल असार ५ गते म यस गाउँपालिकाको अध्यक्षको हैसियतले यस गरीमामय अजिरकोट गाउँ सभामा गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु । यस गौरवपूर्ण क्षणमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका खातिर विभिन्न कालखण्डमा भएका ऐतिहासिक जनआन्दोलन तथा घटनाहरुमा बलिदानी पूर्ण जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहिदहरुप्रति श्रद्धाञ्जली अर्पण गर्दछु।

पूर्वमा दरौदी नदी र सुलिकोट गाउँपालिका पश्चिममा चेपे नदी र लम्जुङ्ग जिल्ला उत्तर तर्फ गोरखा जिल्लाको चुमनुब्री गाउँपालिकार दक्षिण तर्फ सिरान्चोक गाउँपालकाबाट घेरिएर रहेको थोरै समथर टारहरु र अधिकांश पहाडी हरीयाली वातावरण र हावापानी रहेको, जैविक विविधताले भरीपूर्ण यो अजिरकोट गाउँपालिका हावापानीको दृष्टिले मात्र हैन ब्राम्हण, क्षेत्री, आदीबासीहरु घले, शेर्पा, गुरुङ्ग, तामाङ्ग,नेवार, दलित लगायतका जातजातीको संयुक्त बास रहेको यो भूमी सांस्कृतिक दृष्टिले समेत विवधता र सम्भावनाले भरीपूर्ण रहेको छ । यार्सागुम्बा, रथविरथ, पाँचऔले, जटामसी, कुड्की, सदुवा, निरमसी जस्ता औषधीजन्य जडिबुटी तथा बौद्ध र हिमचुली हिमाल, दुग्धपोखरी, नारदपोखरी, नागेपोखरी, निम्चेपोखरी, नागेमाढी, तविमाढी, मितु माढी, सप्रो माढी, नार्गोमाढी लगायतका विसाल माढीहरु, दरौदी र चेपे जस्ता ऐतिहासिक महत्व बोकेका नदीहरु, डिहीटार, भरस्टार, फुर्वुजेटार,

बुधसिंहटार, नौविसेटार, पोखराटार र मुच्चोकटार लगायतका यस गाउँपालिका क्षेत्रभित्रका प्राकृतिक सम्पदा र मानवीय साधन स्रोतको समुचित परिचालन गरी सफा, सुन्दर, समृद्ध र अनुकरणीय अजिरकोटको निर्माण गर्न बैधानिक बाटो खुलिसकेको छ ।समृद्धिको प्रचुर सम्भावना बोकेको अजिरकोट गाउँपालिकाको समृद्धिका लागि राजनीतिक प्रतिशपर्धा र लोकतान्त्रिक अभ्यासबाट अजिरकोट गाउँपालिकामा स्थानीय सरकार गठन भई एउटा स्थायित्वको दिशामा अग्रसर भैसकेको पृष्ठभूमिमा अव यस गाउँपालिकाको आर्थिक समृद्धि र सामाजिक विकास तर्फको यात्रा प्रारम्भ हुने आशा एवं विश्वास लिईएको छ ।

श्री गाउँपालिकाका उपाध्यक्षज्यू,

गाउँसभाका सदस्यज्यूहरु

अब म अजिरकोट गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

१. नेपालको संविधान बमोजिम संघीयता कार्यान्वयनको सिलसिलामा संघीय सरकारबाट अजिरकोट गाउँपालिका अन्तर्गत हस्तान्तरण भई आउने सरकारी निकाय, कार्यक्रम तथा कर्मचारीहरुको व्यवस्थापनलाई उचित प्राथमिकता दिईने छ । यसै अनुरुप हस्तान्तरण भई आउने तथा गाउँपालिकाको मौजुदा जनशक्तिबाट प्रभावकारी सेवा प्रवाहको लागि कर्मचारीको क्षमता विकास गरिनेछ । स्थानीय तहमा नै “सिंहदरबारको” महसुस गराउन सरकारी निकायको पहुँच तथा संस्थागत सबलीकरणमा जोड दिईनेछ । आगामी आर्थिक बर्षलाई समृद्ध अजिरकोटको रुपरेखा तथा योजना तर्जुमा र कार्यान्वयन खाका तयार गर्ने आधार बर्षको रुपमा लिईनेछ ।

## पूर्वाधार विकास

२. जनताले अनुभूती गर्न सक्ने गरी विकासका प्रतिफल प्राप्त हुने खालका रणनीतिकरुपले महत्वपूर्ण र स्थायी संरचना विकास हुने खालका योजना तर्जुमा एवं प्राप्त स्रोतको एकीकृतरुपमा परिचालन गरी विकासका ठूला एवं वहुबर्षीय आयोजनाहरु सञ्चालनमा विशेष जोड दिईने छ ।

३. अजिरकोट गाउँपालिकाको योजनावद्ध रुपमा सबै क्षेत्रको सन्तुलित विकासका लागि पञ्चबर्षीय विकास योजना र क्षेत्रगत विकास योजना तर्जुमा गरी लागू गरिनेछ ।

४.सुगम अजिरकोटको पहिचान बनाउन जिल्ला सदरमुकामबाट गाउँपालिकाको केन्द्र जोड्ने सडकलाई सबै याम र समयमा सञ्चालन गरी स्तरोन्नती गर्न स्थानीय गौरबको योजना अन्तर्गत प्राथमिकतामा राख्ने तथा “एक वडा एक मुल सडक” को अवधारणा अनुरुप बस्तीलाई जोड्ने ग्रामिण सडक सञ्जालको स्तर उन्नती गरी सबै वडास्तरमा यातायात सेवा विस्तार गरी जनताको दैनिक जीबन शैलीलाई परिवर्तन गर्ने र बाणिज्य सेवा, उपयोगी सेवा लगायतका सेवाहरुको पुनःनिर्माण र पुनःसंरचनाका माध्यमबाट आधुनिकीकरण तथा समृद्धिकरण गर्दै लगिनेछ ।

५. स्थानीय सडक सञ्जाल निर्माण र पर्यापर्यटनका लागि अजिरकोटको उत्तरी हिलाली क्षेत्रमा अवस्थित प्राकृतिक सम्पदा र ऐतिहासिक स्थलहरुलाई समेट्ने गरी पदमार्ग निर्माण, होमस्टे तथा

अतिथि गृहहरुको निर्माण तथा कृषि पर्यटनको उत्कृष्ट गन्तव्य स्थलका रुपमा विकास गर्ने गरी स्थानीय गौरवका योजनाहरुको तर्जुमा र कार्यान्वयन गरिनेछ ।

६. फूटकर र टुक्रे योजनाहरुलाई निरुत्साहित गरी ठूलो र प्रभावयोग्य आयोजनाहरुलाई विशेष प्राथमिकता दिईनेछ ।विकासको अभियानमा निजी, गैरसरकारी र सहकारी क्षेत्रलाइ सक्रिय बनाउन सहभागितामूलक योजना निर्माण र कार्यान्वयनको प्रणाली विकास गरिनेछ । स्थानीय समुदायहरुको सहभागिता र योगदानमा आधारित विकासको प्रावधानहरु अंगीकार गरिनेछ ।

७. वैकल्पिक उर्जालाई प्रवर्द्धन गर्दै लगिनेछ । गाउँपालिका भित्रका मुख्य सडक एवं सहरोन्मुख क्षेत्रका बाटोहरुमा क्रमशः सोलार बत्ति जडान गर्ने गरी “उज्यालो सडक ” कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गरिनेछ । विद्युतको केन्द्रीय ग्रिडसँग आवद्ध हुनेगरी विद्युत प्रशारण लाइनको विस्तार एवं लघु जल विद्युतको मर्मत सम्भाार र सञ्चालन मार्फत ग्रामिण विद्युतीकरणलाई जोड दिईनेछ ।

८. भूमिको खण्डीकरण रोकी कृषि भूमीको चक्लाबन्दी गर्ने र शहरीकरणलाई व्यवस्थित गर्न गाउँपालिकामा व्यवस्थित सहरीकरण योजना (Town Planning) तर्जुमा र कार्यान्वयन गरिनेछ । सहरी विकास तथा बस्ती विकास मापदण्डको कार्यान्वयनलाई प्रभावकारी बनाईनेछ ।

९.. गाउँपालिकाको कार्यालय भवन, गाउँसभा भवन, वडा कार्यालय भवनहरु निर्माण गर्न जग्गा प्राप्त गर्ने, भवन निर्माण कार्यलाई संघीय तथा प्रदेश सरकारसँगको समन्वयमा प्रारम्भ गरिनेछ । गाउँपालिका क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधारको विकास र सम्भार सञ्चालनको व्यवस्था मिलाईनेछ ।

१०. गाउँपालिकाका सबै बस्तीहरुमा स्वच्छ पिउने पानीको व्यवस्था गर्न परम्परागत खानेपानीका स्रोतहरुलाई एकिकृत गरी हरेक घरधुरीमा खानेपानीको सुविधा पुर्‍याउन खानेपानी वितरण प्रणालीको विस्तृत सर्भेक्षण गरी पून:निर्माण गरिनेछ ।

## आर्थिक विकास : कृषि, पशुपंक्षी, उद्योग तथा वित्तिय क्षेत्र

११. कृषियोग्य भूमीको सदुपयोग गरी कृषि उपजको अभिवृद्धि गर्न भूउपयोग सम्बन्धी गाउँपालिका स्तरको रणनीतिक योजना तर्जुमा गर्ने र सोही बमोजिम विद्यमान सिंचाई प्रणालीको स्तरोन्नती र नयाँ साना सिँचाई प्रणालीहरुको विस्तार गरिनेछ ।

१२. कृषि खेतीलाई व्यवसायीकरण, बजारीकरण र विस्तारीकरणको लागि आवश्यक पर्ने पूर्वाधारहरु सिंचाई, शितगृह, संकलन गृह र कृषि सञ्जालीकरणको व्यवस्था गरी कृषि क्षेत्रप्रति युवा पुस्ताको आकर्षण बढाउने तर्फ विशेष जोड दिईनेछ ।

१३. मौरीपालन, फलफूल खेती, अलैची, कफी खेती जस्ता नगदे बाली तथा बेमौसमी तरकारी, अर्गानिक खेतीको प्रवर्द्धन र विकासका लागि कृषकहरुको क्षमता अभिवृद्धि गर्ने र जोन तथा पकेट क्षेत्रको व्यवस्था गरी कृषिको आधुनिकीकरण, बैज्ञानीकरण र बजारीकरण गरिनेछ ।

१४. धान, गहुँ, दलहन र तेलहन बालीहरुका लागि सिंचाइको व्यवस्था गरी उत्पादन वृद्धि गर्ने साथै बाली तथा पशु विमा कार्यक्रमलाई प्रभावकारी बनाउँदै कृषकको लगानी र पेशालाई सुरक्षित गर्ने र यस गाउँपालिकालाई खाद्यान्नमा आत्मनिर्भर स्थानीय तहको रुपमा विकास गरिनेछ ।

१५. पशुपंक्षी पालन सम्बन्धी कार्यक्रमहरु दलित, महिला, आदिवासी, विपन्न वर्ग तथा सिमान्तकृत समूदाय जस्ता लक्षित वर्गमा केन्द्रित गरी त्यस्ता वर्गहरुको आर्थिकस्तर सुदृढीकरण र बजारमा पहुँच विस्तार गर्ने रणनीति अवलम्बन गरी बार्षिक कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनेछ ।

१६. पशु स्वास्थ्य र मानव स्वास्थ्यबीचको अन्तरसम्बन्धलाई ध्यानमा राखी समुदायस्तरमै पशु स्वास्थ्य सम्बन्धी सेवा विस्तार गरिनेछ ।

१७. सहकारी क्षेत्रलाई गाउँपालिकाको विकास र समृद्धिको क्षेत्रमा क्रियाशिल गराउन सहकारीहरुको नियमन तथा व्यवस्थापन सम्बन्धी कानूनी र नीतिगत पूर्वाधार तयार गर्ने, सहकारी संस्थाहरुको क्षमता विकास गरी थप पारदर्शी र व्यवसायिक बनाउने सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछन ।

१८. गाउँपालिका क्षेत्रभित्र बैंक तथा वित्तिय संस्थाको विकास मार्फत जनतालाई नजिकबाट वित्तिय सेवा, लघु वित्त, लघु कर्जाको सुविधा मार्फत स्वरोजगार एवं पेशाको आधुनिकीकरण र व्यवसायिकरण गर्दै लगिनेछ ।

१९.. उपभोक्ताहरुको अधिकार र हीतलाई सम्मान गर्दै बजार अनुगमन तथा गुणस्तर परीक्षण मार्फत सुरक्षित उपभोगलाई सूनिश्चित गर्न पहल गरिनेछ ।

२०. स्थानीय सीपलाई आधुनिकीकरण र व्यवसायीकरण गर्न स्थानीय सीपमा आधारित र श्रममूलक घरेलु तथा साना उद्योगहरुको व्यवस्थापन, क्षमता विकास र प्रवर्द्धन गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछन ।

२२. समूदायमा आधारित र सहकारीतामा आधारित घरेलु तथा साना उद्योगहरुलाई औधोगिक पूर्वाधारको व्यवस्था तथा आवश्यक सीप विकास गरी प्रोत्साहन गरिनेछ ।

**स्वास्थ्य, शिक्षा, बालबालिका, समावेशीकरण र सांकृति विकास**

श्री गाउँपालिकाका उपाध्यक्षज्यू,

गाउँसभाका सदस्यज्यूहरु

२३. स्वास्थ्य सम्बन्धी सेवाहरुको स्तरीकरण र विकास गरी आम नागरिकलाई गाउँपालिका भित्र नै विशेषज्ञ चिकित्सकको सेवा प्रदान गर्ने र अपाङ्गता मैत्री स्वास्थ्य सेवा बनाउन कार्य प्रारम्भ गरिनेछ ।

२४. खुला दिशामुक्त क्षेत्र र पूर्ण खोपको दीगोपना सुनिश्चितता कार्यक्रम जस्ता मानव स्वास्थ्यसँग प्रत्येक्ष जोडिएका विषयबस्तुहरुलाई सामुदायिक स्वास्थ्य कार्यक्रमहरु मार्फत अभियानको रुप दिई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । अजिरकोट गाउँपालिका क्षेत्रभित्र रहेका स्वास्थ्यचौकी एवं

स्वास्थ्य संस्थाहरुको स्तरोन्नती गरी आकस्मिक र अत्यावश्यक स्वास्थ्य सेवा सञ्चालनको व्यवस्था मिलाईनेछ ।

२५. बालबालिका, गर्भवती तथा सुत्केरीहरुको पोषण अवस्थाको लेखाजोखा, नियमन, कुपोषण उपचार जस्ता पोषण प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्ने र महामारी फैलाउन सक्ने रोगहरुको निगरानी र नियन्त्रणको लागि निरोधात्मक र उपचारात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२६. परिवार नियोजन, प्रसुती सम्बन्धी सेवा, सुरक्षित गर्भपतन, स्त्रीरोग सम्बन्धी स्वास्थ्य सेवाको विस्तार र स्वास्थ्य सेवामा नागरिकहरुको पहुँच विस्तार गर्ने तथा आकस्मिक अवस्थामा उपचारकोव्यवस्था गरिनेछ ।

२७.शिक्षानै विकासको मूल आधार हो भन्ने मान्यताका साथ गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुको स्तरीकरण एवं रोजगार मूलक प्राविधिक शिक्षा प्रदान गर्ने तर्फ विशेष क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

२८. शिक्षा क्षेत्रको प्रतिश्पर्धात्मक क्षमता अभिवृद्धि गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्न गाउँपालिकाले आवश्यक नीतिगत र कानूनी पूर्वाधार तयार गर्ने, विद्यालयहरुलाई प्रतिस्पर्धात्मक प्रोत्साहनको व्यवस्था गर्ने , शिक्षकहरुको पेशागत क्षमता विकास, छात्रवृत्ति तथा अभिभावकहरुलाई सुसूचित गर्ने व्यवस्था मिलाईनेछ ।

२९. युवाहरुको चौतर्फी विकासका लागि गाउँपालिकास्तरीय खेलकूद तथा युवा लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ । खेलकुदको विकासका खेलकुद पूर्वाधार निर्माण गरिनेछ ।

३०. महिला, अपाङ्गता भएका व्यक्तिहरु, दलित समूदाय, अल्पसंख्यक र सिमान्तकृत समूदायलाई समूहकृत गरी आय आर्जन सम्बन्धी व्यवसायिक सीप विकास गरीव्यवसायीकरण गर्न उपकरण तथा विउँ पूँजीको समेत व्यवस्था गरी रोजगारी अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ ।

३१. अत्यावश्यक एवं उपयोगी सेवाहरुलाई व्यवस्थित गर्दै लैजाने र विकासका ठोस कार्यक्रम मार्फत जनताको आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपान्तरण गर्दै लैजाने तर्फ विशेष पहल गरिनेछ ।

३२. गाउँपालिका क्षेत्र भित्रका पुरातात्विक सम्पदाहरुको विकास र संरक्षणका लागि अन्तर सरकारी सहकार्यबाट समेत संरक्षणात्मक, प्रवर्धनात्मक र विकासात्मक कार्यहरु गरिनेछ ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन**

३३. जनतालाई जडिबुटी चिनाउने, विद्यार्थीलाई समेत स्थानीय जडिबुटीको बहुउपयोगी गुणका बारेमा प्रशिक्षित गरी आयुर्वेद एवं योग संस्कृतिको विकास एवं स्थानीय जडिबुटीको उपयोगमा विशेष जोड दिईनेछ । र जडिबुटी संरक्षण र उपयोगबाट आर्थिक आम्दानीको स्रोत वृद्धि गर्न योजनावद्ध रुपमा नमूना प्लटहरु स्थापना गरी संरक्षणात्मक र उत्पादनमूलक कार्य गरिनेछ ।

३४. मुख्य सडकको दुईपट्टी वृक्षारोपण, विद्यालय उद्यान, सडक छेउछाउ वायो इन्जिनियरिङका माध्यमबाट वातावरण मैत्री विकासलाई प्रवर्द्धन गरिनेछ। रप्राकृतिक श्रोत साधनको उपयोगलाई दीगो बनाउन संरक्षणात्मक कार्यलाई समेत सँगसगै सञ्चालन गर्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था गरी कार्यान्वयन गराइनेछ।

३५. सामुदायिक वनको संरक्षणका लागि स्थानीय सामुदायिक वन उपभोक्ता समितिहरुको नियमन, व्यवस्थापन तथा क्षमता विकास गरी नयाँ र ठोस कार्ययोजना बनाउन सहजीकरण गर्ने र बन जंगल एव जंगली जीवजन्तुको संरक्षणसम्बन्धी विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३६. वातावरण संरक्षण र वनजंगल संरक्षण, कार्वन उत्सर्जन कटौती, कार्वन व्यापार तथा रेड ९च्भ्म्म्० सम्बन्धमा समूदायको चेतना अभिवृद्धि गराउने र जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३७. फोहोरमैला व्यवस्थापनका लागि जैविक र अजैविक फोहोरको वर्गीकरण गरी सोही अनुरुप फोहोरलाई व्यवस्थापन गरी सफा र स्वच्छ अजिरकोट निर्माणका योजनाहरु कार्यान्वयन गरिनेछ।

३८. विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन स्थानीय आकस्मिक कोषको व्यवस्था, गाउँपालिकाको विपद् व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयनमा जोड दिई पूर्व सतर्कता र सजगता अपनाईने छ।

३९. भूकम्पबाट घर क्षति भएका परिवारलाई छिटो भन्दा छिटो घर निर्माण गर्नका लागि भूकम्प प्रभावित परिवारलाई राज्यबाट प्रदान गरिने सुविधा एवं अनुदान प्राप्त गर्न एवं सदुपयोग गर्ने क्रममा देखिएका समस्या समाधानको लागि विशेष कार्यटोली बनाई समस्या समाधान गरिनेछ। साथै पूनर्निमाण हुन बाँकी विद्यालय, मठ मन्दिर लगायतका सार्वजनिक संरचनाको पून:निर्माणका लागि संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

## सुशासन तथा संस्थागत विकास

३८.जनउत्तरदायी स्थानीय सरकारको अनुभूती गराउन स्थानीय प्रशासनलाई स्वच्छ, सक्षम र व्यवसायिक बनाउँदै आर्थिक एवं वित्तिय अनुसासनलाई प्रवर्द्धन गरिनेछ । सूचना सम्प्रेषणको लागि सूचना प्रविधिको विकास तथा उपयोगबाट सर्वसाधारणको सूचनामा पहुँच सुनिश्चित गरिनेछ।

३९. अजिरकोट गाउँपालिकाको विकासको खाका कोर्ने र विकास योजनाहरु तर्जुमा गर्ने, गुरुयोजनाहरु बनाउने र योजनावद्ध विकासको कार्यप्रारम्भ गर्नका लागि यो आर्थिक बर्ष प्रारम्भ विन्दु बन्ने कुरामा आशा एवं विश्वासका साथ सबै गाउँपालिका परिवार यसको कार्यान्वयनका लागि दृढका साथ लाग्ने कुरामा विश्वस्त पार्न चाहन्छु। धन्यवाद।